https://medicalpatra.com/news-details/12959/2024-10-25

मेडिकल पत्र

- मेडिकल पत्र
- ९ कार्तिक, २०८१




**काठमाडौं।** स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई पहिले आफ्नै अनुसन्धान गरेर समस्या पहिचान गरी अघि बढ्न सुझाएका छन्।

बिहिवार नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को वार्षिक प्रतिवेदन र दशौँ स्वास्थ्य तथा जनसंख्या सम्मेलनको रिपोर्ट सार्वजनिक गर्दै यस्तो बताएका हुन्।

मन्त्री पौडेलले भने “पहिले आफ्नै अनुसन्धान गरेर के गर्नुपर्छ ल्याउनुहोस्। के गर्ने हो भन्ने कुरा परिषद् बाटै गर्नुपर्छ। त्यसको कार्यान्वयन मन्त्रालयले गर्छ।“

मन्त्रालयको बजेट र योजना बनाउने कुरामा अनुसन्धान परिषद्को उपस्थिति आवश्यक भएको बताउदै नेपालको स्वास्थ्यको मार्गनिर्देश गर्ने अनुसन्धान गर्न सुझाए।

कार्यक्रममममा परिषद्का सदस्य सचिव डा प्रमोद जोशीले परिषद्ले गरेका र गरिरहेका कामका बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेल, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसन्धान अधिकृत डा मेघनाथ धिमाल लगायतले आफ्ना धारणा राखेका थिए।